नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज

# नेपाल प्रहरी अस्पताल
## कल्याण शाखा
## महाराजगञ्ज, काठमाण्डौ
## प्रथम पटक प्रकाशित मिति २०७८/०३/२१ गते
## चमेना गृह संचालनको लागि
## सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

मेडिकल डाईरेक्टर
( डा. आशा सिंह )
प्र.प्रहरी अतिरिक्त महानिरीक्षक

यस अस्पताल कल्याण कोषद्वारा संचालित प्रहरी चमेना गृह सिलबन्दी दरभांउ पत्रको माध्यमद्वारा आ.ब.२०७८ /०७९ मा नयाँ ठेक्का सम्झौता गरी चमेना गृह संचालन गर्नु पर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिलका शर्तहरुको अधिनमा रही रीतपूर्वकको दरभाउ पत्र नेपाल प्रहरी अस्पताल कल्याण शाखाबाट खरिद गरी पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपशील:-**

१. दरभाउपत्र फाराम खरिदको गर्नका लागि ईच्छुक ब्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र फर्म, संस्था वा कम्पनीहरुको हकमा कारोबार दर्ता, नविकरण, आ.ब.२०७६/०७७ को कर चुक्ता लगायतका प्रमाण पत्रहरूको प्रमाणित प्रतिलिपि सहित लिखित निबेदन पेश गर्नु पर्नेछ ।

२. नेपाल प्रहरी अस्पताल कल्याण शाखाबाट दरभाउपत्र दस्तुर रु.१,०००/– अक्षेरपी (एक हजार) तिरी मिति २०७८/०४/०४ गते कार्यालय समय भित्र खरीद गर्न सकिनेछ ।

३. दरभाउ पत्र फाराम साथ दरभाउपत्र जमानत रकम यस अस्पतालको हिमालयन बैंक लिमिटेड महाराजगञ्ज शाखामा रहेको व.हि.नं.00200606740017 (Nepal Police Aspatal Awash Khata) मा रु.१,२५,०००/- अक्षेरपी (एक लाख पचिस हजार) मात्र नगदै जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

४. यस अस्पतालबाट खरिद गरिएको सिलबन्दी दरभाउपत्र फाराम मिति २०७८/०४।०५ गते १२:०० बजे सम्म अस्पतालको कल्याण शाखामा दर्ता गरि सक्नु पर्ने छ ।

५. दरभाउपत्र सम्बन्धी कागजात लगायतका अन्य विषयमा छलफल गर्ने मिति २०७८/०३/३० गते आईतबार १२:०० बजे यस अस्पतालमा प्रिबिड मिटिङ्गको आयोजना गरिने र उक्त मिटिङ्गमा सामानको गुणस्तर तथा आपूर्तिका शर्तहरु सम्बन्धी बिशेष जानकारी गराईने हुँदा उक्त मिटिङ्गमा सहभागी हुन जानकारी गराईन्छ ।

६. नेपाल प्रहरी अस्पताल कल्याण शाखामा मिति २०७८/०४/०५ गते १४.०० बजे सिलबन्दी दरभाउ पत्र उपस्थित दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरू, आमन्त्रित प्रतिनिधिहरू तथा मुल्याङकन समितिको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता तथा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । सिलबन्दी दरभाउ पत्र खोल्ने दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा खोलिने छ ।

७. दरभाउ पत्र फाराममा दररेट उल्लेख गर्दा अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ । अंक स्पष्ट नभएमा अक्षरलाई मान्यता दिईने छ ।

८. स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले स्वीकृत भएको ७ दिन भित्र कार्य सम्पादन जमानत बापत थप रु.८५,०००।- अक्षेरपी (पचासि हजार) मात्र यस कोषको माथि उल्लेखित खातामा नगदै रकम जम्मा गरेको सक्कलै बैंक भौचर सहित सम्झौताको लागि यस शाखामा उपस्थित हुनु पर्ने छ ।

९. थप जानकारीको लागी यस अस्पताल कल्याण शाखामा सम्पर्क गर्नु हुन अनुरोध गरिएको छ ।

१०. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ ।